प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा / प्रमाणपत्र तहको रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०७४/०७/१५

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय र निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाण पत्र तहको शैक्षिक सत्र २०७४/७५ का लागि लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका विद्यार्थीहरुको रजिष्ट्रेशन फाराम २०७४ साल मङ्सिर ०५ गते भित्रमा नियमित शुल्कमा र २०७४ साल मङ्सिर २० गते भित्र विलम्ब शुल्कमा तपशिल अनुसारको प्रक्रिया पुऱ्याई परिषद्को परीक्षा नियन्त्रण कार्यालय र परिषद् अन्तर्गतका क्षेत्रीय कार्यालयहरुमा रजिष्ट्रेशन फाराम बुझाउनुहुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरु:**

१. परीक्षा नियन्त्रण कार्यालयवाट शैक्षिक सत्र २०७४/७५ का लागि विभिन्न मितिमा लिइएको डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षामा सामेल भई डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका-२०७४ वमोजिम भर्ना भएका विद्यार्थीहरुको मात्र रजिष्ट्रेशन फाराम भराउन पर्नेछ ।

२. परिषद्वाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी सख्या हुनु पर्नेछ ।

३. परिषद्वाट निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुको रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २५००।- र संस्थागत विकास शुल्क रु. २०००।- बुझाउनु पर्नेछ ।

४. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामूदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- लाग्नेछ ।

५. *सम्बन्धित शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क र संस्थागत विकास शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा विलम्ब शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट सम्म अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।*

५. परिषद् कार्यालय, सानोठिमीमा रजिष्ट्रेशन फाराम वुझाउँने शिक्षण संस्थाहरुले राष्ट्रिय वाणिज्य बैङ्क सानोठिमी शाखाको खाता नं **१७३००००११०१**, पुर्व क्षेत्र क्षेत्रीय कार्यालय इटहरीमा रजिष्ट्रेशन फाराम वुझाउँने शिक्षण संस्थाहरुले रा. बा. बैङ्क, इटहरी शाखाको च. हि. नं. **२५५०००१२७८०१,** मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवनमा रजिष्ट्रेशन फाराम बुझाउँने शिक्षण संस्थाहरुले रा. बा. बैङ्क, भरतपुर शाखाको च. हि. नं.**१३१०००६६७१०१,** र पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँकेमा रजिष्ट्रेशन फाराम वुझाउँने शिक्षण संस्थाहरुले रा. बा. बैङ्क, कोहलपुर शाखाको च. हि. नं. **४२८००००९१९०१** मा रकम जम्मा गरेको भौचर साथै कार्यक्रम, विद्यार्थी संख्या र बैङ्कमा जम्मा गरेको रकम उल्लेख भएको शिक्षण संस्थाको पत्र फारामसाथ संलग्न गर्नु पर्नेछ ।

६. **जेहेन्दार र वर्गिकृत छात्रवृत्ति अन्तर्गत छनौट भएका विद्यार्थीहरुको रजिष्ट्रेशन र संस्थागत विकास शुल्क लाग्ने छैन ।**

७. **रजिष्ट्रेशन फारामहरु Web based online system मा registration form entry गरी फारामहरु अंग्रेजी वर्णानुक्रम अनुसार मिलाई Plastic Coated Index File मा फाईल गरी पेश गर्नु पर्ने छ । कार्यक्रम अनुसारको रजिष्ट्रेशन समष्टिगत फारामको प्रमाणित Hard Copy (Printed Copy) समेत एक प्रति सोहि फाईलमा संलग्न हुनु** पर्नेछ ।

८. रजिष्ट्रेशन फारामसाथ प्रवेश परीक्षाको नतिजाको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा नागरिकता/जन्म दर्ताको प्रमाणपत्र र प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपी साथै प्राविधिक एस. एल. सी. उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा प्राविधिक एस. एल. सी. उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रतिलिपी समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

९. कुनै सरकारी वा गैह्र सरकारी निकाय तथा संघ, संस्थामा कार्यरत रही प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना हुने विद्यार्थीहरुको हकमा आफुले काम गर्ने कार्यालयको विभागीय स्वीकृती पत्र पेश गर्नु पर्नेछ ।

१०. सम्बन्धित क्षेत्रका शिक्षण संस्थाहरुले निम्नानुसारका परिषद् अन्तर्गतका क्षेत्रीय कार्यालयहरुमा उक्त रजिष्ट्रेशन फाराम दर्ता गराउनु पर्नेछ ।

क. **पूर्व क्षेत्र क्षेत्रीय कार्यालय इटहरी, सुनसरी** -झापा, मोरङ्ग, सुनसरी, धनकुटा, सिराहा, सप्तरी, र भोजपुर जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु ।

ख. **मध्य क्षेत्र क्षेत्रीय कार्यालय भरतपुर, चितवन**- धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा, मकवानपुर, चितवन, कास्की, लमजुङ्ग, वाग्लुङ्ग, म्याग्दी, नवलपरासी, रुपन्देही र पाल्पा जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु ।

ग. **पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँके-** दाङ्ग, जुम्ला, बाँके, वर्दिया, सुर्खेत, रुकुम, रोल्पा, कैलाली, कञ्चनपुर, डोटी र कालीकोट, अछाम, वझाङ्ग, दार्चुला र वैतडी जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु ।

घ. **प्रा. शि. तथा व्या. ता. परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर-** बाँकी सम्पुर्ण जिल्लाका शिक्षण संस्थाहरु ।

११. रजिष्ट्रेशन फाराम र फाईलिङ्ग सम्बन्धि कार्य सूची (check list) परिषद्को **Web Site** www.ctevt.org.np मा उपलब्ध हुनेछ ।

१२. यो सूचना परिषद्को **Web Site www.ctevt.org.np** मा उपलब्ध हुनेछ ।

**परीक्षा नियन्त्रक**